# नेपाल राष्ट्र बैंक
# राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौंको

## नागरिक बचतपत्र २०७० निष्कासन गर्ने सूचना

राष्ट्र ऋण ऐन, २०५९ तथा राष्ट्र ऋण नियमावली, २०५९ अनुसार नेपाल सरकारको नागरिक बचतपत्र २०७० देहाय बमोजिमका विशेषता एवं शर्तहरु कायम गरी निष्कासन गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) बचतपत्रको नाम :- नागरिक बचतपत्र २०७० (५ वर्षे) ।
(ख) निष्कासन गर्ने रकम :- रु.७०.०० करोड (सत्तरी करोड रुपैयाँ मात्र) ।
(ग) वार्षिक व्याजदर :- ८.०० प्रतिशत (अर्द्धवार्षिक रुपमा व्याज भुक्तानी हुने तथा व्याजकर लाग्ने) ।
(घ) बिक्री खुला हुने अवधि :- २०६५ पौष २० गतेदेखि पौष २५ गतेसम्म ।
(ङ) निष्कासन हुने मिति :- २०६५ पौष २८ गते ।
(च) साँवा भुक्तानी हुने मिति :- २०७० पौष २८ गते ।
(छ) खरिद गर्न सकिने रकम :- रु.१,०००।- वा सो अंकले भाग गर्दा नि:शेष हुने रकम (बढीमा दश लाख रुपैयाँसम्म) ।
(ज) फारामको सम्बन्धी व्यवस्था :- यो फाराम यस विभाग वा यस बैंकका उपत्यका बाहिरका कार्यालयबाट वा यस बैंकको वेबसाईत ( www.nrb.org.np) अन्तर्गत Public Debt बाट डाउनलोड गरी प्राप्त गर्न सकिने ।
(झ) यो बचतपत्र धितो राखी कर्जा लिन दिन पाइने छ ।

२. यो बचतपत्र अंकित मूल्यमा नेपाली नागरिकहरुले मात्र खरिद गर्न पाउनेछन् ।

३. तोकिएको व्याजदरमा हरेक ६/६ महिनामा आफुलाई पायक पर्ने नेपाल राष्ट्र बैंक, **बाणिज्य बैंक, तथा देहायका बजार निर्माताहरु** (यसको सूची नेपाल राष्ट्र बैंकको वेबसाइट http:// www .nrb.org.np मा पनि उपलब्ध छ) बाट व्याज लिन सकिनेछ ।

४. खरिदकर्ताले बैंक तथा बजार निर्माता कहाँ रकम बुझाएकै मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको खण्डित अवधिको उपर्युक्त व्याजदरले हुन आउने व्याज रकम समेत भुक्तानी पाउनेछन् ।

५. स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन पाइनेछ । बचतपत्र खरिद गर्नेले दरखास्त फाराममा आफ्नो पूरा नाम र ठेगाना उल्लेख गरी दस्तखत गर्नु पर्नेछ । दरखास्तसाथ विवरण प्रष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा लेखपढ गर्न नजान्ने व्यक्तिको हकमा पासपोर्ट साइजको फोटो फाराममा १ थान र प्रति थान बचतपत्रमा १ का दरले आवश्यक पर्ने फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । नाबालकको नाममा बचतपत्र खरिद गर्दा संरक्षकले आफ्नो नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाण समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. रीतपूर्वक पेश नभई अस्वीकृत भएका दरखास्तको सम्बन्धमा जम्मा हुन आएको रकम विना व्याज ७ दिनभित्र सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

७. उपर्युक्त नागरिक बचतपत्र यस बैंकबाट इजाजत प्राप्त देहायका बजार निर्माताहरु, उपत्यका बाहिरको हकमा नेपाल राष्ट्र बैंक वा बाणिज्य बैंक मार्फत समेत खरिद गर्न सकिनेछ । दरखास्त फाराम र रकम बुझाउने भौचरहरु सम्बन्धित बैंक तथा बजार निर्माताहरुबाट नि:शुल्क उपलब्ध हुनेछ ।

८. उपर्युक्त नागरिक बचतपत्र बिक्री गर्न गराउन नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरु, बाणिज्य बैंकहरु र यस बैंकबाट इजाजत प्राप्त बजार निर्माताहरुलाई परिपत्र तथा कार्यविधि पठाइएको छ । सो परिपत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उपयुर्क्त नागरिक बचतपत्र खरिद गर्न चाहने व्यक्तिहरुलाई उपर्युक्त म्यादभित्र बिक्री गरी दैनिक खवर फ्याक्स (फ्याक्स नं. ४२५४१७०) वा छिटो साधनबाट यस विभागमा पठाउनु हुन र दैनिक रुपमा विवरण सहितको दरखास्त फारामहरु एक्सप्रेस डेलिभरीद्वारा यस विभागमा पठाउने व्यवस्था गर्नु हुन समेत अनुरोध गरिएको छ ।

९. बिक्री खुला रहेको अवधि पूरा नहुँदै सबै रकम बिक्री भएमा उक्त अवधि समाप्त हुनु अगावै बचतपत्र बिक्री कार्य बन्द गर्न सकिने छ । साथै, बिक्री खुला रहेको अवधिभित्र सम्पूर्ण रकम बिक्री नभई बाँकी रहेमा वा बढी बिक्री भएमा बचतपत्र बाँडफाँड सम्बन्धमा यस बैंकले निर्णय गरे बमोजिम हुनेछ ।

१०. यस विषयमा थप जानकारीको लागि काठमाडौंमा यस विभागको फोन: ४२४१२७२, ४२२१७६३ वा ४२४८९००-९०४ एक्सटेन्सन १२३ मा तथा उपत्यका बाहिर आफ्नो नजिकको नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकका कार्यालयहरु र बजार निर्माताहरुमा सम्पर्क राख्नु हुन तथा यस बैंकको वेबसाइड http://www .nrb.org.np मा हेर्नु हुन अनुरोध गरिन्छ ।